# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।१२।०७ गते।

# प्रेस विज्ञप्ति

**विषय: <u>आरोपपत्र दायर गरिएको।</u>**

श्री माध्यमिक विद्यालय, लगडी गदियानी, सिरहाका प्रा.वि. द्वितीय श्रेणीमा कार्यरत स्थायी शिक्षक राम नारायण यादवको शैक्षिक योग्यताका प्रमाण-पत्र नक्कली रहेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निजले बिहार विद्यालय परीक्षा समिति, पटना, भारतबाट हाइस्कुल तह पास गरेको नक्कली झुट्ठा शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी मिति २०४६।०५।०१ देखि श्री माध्यमिक विद्यालय, लगडी गदियानी, सिरहाको प्राथमिक शिक्षकमा अस्थायी नियुक्ति भई मिति २०४८।०५।१२ देखि सोही पदमा स्थायी नियुक्ति लिई मिति २०६८।१२।०७ बाट जेष्ठता कायम हुने गरी सोही विद्यालयमा प्राथमिक तहको द्वितीय श्रेणीमा विशेष बढुवा नियुक्ति लिई सरकारी सुविधा एवं लाभसमेत लिई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) मा परिभाषित कसुर गरेको पुष्टि हुन आएकोले निज राम नारायण यादवलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला